नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# वातावरण विभाग

पत्र संख्या : ०७९/८०

चलानी नं. : ८५०

## वायु प्रदूषण सम्बन्धी वातावरण विभागको

## प्रेस विज्ञप्ति ! !

मिति २०७९ चैत्र २९ गते

विगत केही दिन देखि बारा, पर्सा, चितवन लगायत देशभर १४० भन्दा बढी स्थानमा लागेको डढेलो र प्रदूषणका स्थानिय स्रोतका कारण काठमाण्डौ उपत्यका र देशका मध्य तथा पूर्वी भागमा वायु प्रदूषणको स्तर अत्याधिक रुपमा बढेको पाइएको छ। यसमा पनि बिहान र बेलुकाको समयमा प्रदूषण अत्याधिक बढेको पाइएको छ। प्रदूषणको बढ्दो स्तरका कारण तपाई हाम्रो स्वास्थ्यमा नकारात्मक असर पर्ने र विशेष गरी बालबालिका, वृद्ध वृद्धा एवं श्वासप्रश्वास सम्बन्धी बिरामी र मुटुका बिरामीहरु बढी प्रभावित हुने भएकोले सकेसम्म घर बाहिर ननिस्किनु हुन र सबै नागरिकले घर बाहिर निस्किंदा बिशेष साबधानी अपनाउनु हुन वातावरण विभाग हार्दिक अपिल गर्दछ।

साथै वन डढेलो नियन्त्रणको लागि सरोकारवाला निकायहरुसँग हातेमालो गर्न आम समुदायलाई विभाग हार्दिक अपिल गर्दछ। फोहोरजन्य बस्तु बाल्दा वायु प्रदूषण झनै बढ्ने भएकोले यस्तो कार्य नगरिदिनुहुन अनुरोध गरिन्छ। वायु प्रदूषण मौसममा पनि भर पर्ने र डढेलोको अवस्था यस्तै भइरहेमा उच्च प्रदूषणको जोखिम रहिरहने हुनाले विशेष सावधानी अपनाउनु हुन आम सर्वसाधारण सबैमा हार्दिक अनुरोध गरिन्छ।

थप जानकारी विभागको वेभसाइट www.pollution.gov.np बाट प्राप्त गर्न सकिनेछ।

तिवारी
२०७९/१२/२९

(शिवलाल तिवारी)

महानिर्देशक

महानिर्देशक


कार्यालयको ठेगाना: बबरमहल, काठमाडौं

कार्यालयको टेलिफोन नं. ०१-४२२१७९७/४२२०८३७

फ्याक्स: ०१-४२२१५५७

इमेल: info@doenv.gov.np

वेबसाइट: www.pollution.gov.np